# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, वैशाख १४ गते २०२२ साल [ संख्या २


### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

भन्सार ऐन, २०१९ ( संशोधनहरू सहित ) को दफा ९ को उप–दफा १ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पर्वतारोहण तथा अनुसन्धान दलहरूले साथमा ल्याउने देहायबमोजिमका मालसामानहरूमा भन्सार महसूल पूर्ण तथा आंशिकरूपमा छुट् दिएको छः–

१. साथमा ल्याएको खपत नभई फिर्ता लैजाने मालसामानहरूको छुट्टै प्रज्ञापनपत्र भर्न लगाई लाग्ने भन्सार महसूलको रकम धरौटी लिई तो मालसामान फिर्ता लगेमा धरौटी फिर्ता दिने र फिर्ता नलगेमा वा केही मात्र फिर्ता लगेमा धरौटी रहेको रकमबाट कट्टा गरी भन्सार महसूल लिई बांकी रकम फिर्ता दिनुपर्दछ ।

तर धरौटी नगद राख्न नसकेमा त्यसको सट्टा विदेशी मुद्राको चेक पनि लिन सकिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मदिरा (रक्सी वाइन र वियर) तथा ोटहरूबाहेक अन्य देहायका मालसामानहरूमा सो म.लसामानहरूको पैठारी गर्दा लाग्ने भन्सार महसूल १० ( दश ) प्रतिशतभन्दा बढी दरवन्दी भएकोमा १० (दश) प्रतिशत मात्र भन्सार महसूल लिइनेछ ।

(क) खाद्य पदार्थ (पेकगरिएको र नगरिएको समेत)

(ख) पेय पदार्थ ( ,, ,, ,, )

(ग) औषधीहरू ( )

(घ) फिल्म, क्यामरा, रेडियो र दुरिविक्षण यन्त्र ।

(ङ) बैट्री ।

(च) पर्वतारोहण कार्यमा चाहिने सामानहरू ।

(छ) कैम्पिङ मेटेरियलका सामानहरू ।

(ज) पेकिङ्ग मेटेरियलका सामानहरू ।

(झ) वैज्ञानिक सामानहरू ।

(ञ) लुगा पोशाकहरू ।

३. यो सुविधा दिइने कुरा खास एग्रिमेण्टमा नपरेका अन्य अनुसन्धान दलहरूलाई दिइनेछन ।

४. मिति २०१८–७–२८ संख्या ३० खण्ड ११ को नेपाल गजटमा यस मन्त्रालयबाट प्रकाशित सूचना खारेज गरिएको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ को दफा (३) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भैरहवा भन्सार अन्तर्गत विशुनपुरा (चिकनटोला) मा एक अस्थायी छोटी भन्सार अड्डा खडा गरेको छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

नेपाल आयकर ऐन, २०१९ को दफा ४ को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राजपरिवारका सदस्यहरूलाई श्री ५ को सरकारबाट प्रदान गरिने भत्तामा पूर्ण रूपले आयकर नलाग्ने गरी तोकिदिएको छ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।